# झिमरुक गाउँपालिकाको आ.व. २०८०/८१ को
# नीति तथा कार्यक्रम

**झिमरुक गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**भ्यागुते, प्युठान**

**लुम्बिनी प्रदेश, नेपाल**

**१० असार, २०८०**

झिमरुक गाउँपालिकाको गाउँसभामा पेश भएको नीति, कार्यक्रम तथा वजेटको सम्बन्धमा झिमरुक गाउँपालिकाका अध्यक्ष एवं स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका संयोजक श्री पित बहादुर महतराज्यूबाट गाउँसभामा प्रस्तुत आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम

**गाउँसभाका उपाध्यक्षज्यू ,**

**सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरु,**

**सभाका सचिवज्यू एवम् सबै कर्मचारीहरुज्यूहरु,**

**संचारकर्मी तथा पत्रकारज्यूहरु,**

अन्य उपस्थित महानुभाव तथा सुरक्षाकर्मी साथीहरु,

झिमरुक गाउँपालिकाको सभा अध्यक्षको हैसियतमा आ.व. २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु।यस अवसरमा विभिन्न कालखण्ड हुँदै समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था स्थापना, नेपालको उन्नति, प्रगति तथा समृद्धिका लागि संघर्ष गर्ने क्रममा आफ्नो ज्यानको बलिदान गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइते तथा अपाङ्ग एवं वेपत्ता भएका परिवारजनप्रति सम्मान एवं सहानुभूति प्रकट गर्दछु। राष्ट्रियता, राष्ट्रिय हित एवं जनजीविका र न्यायपूर्ण संघर्षको नेतृत्व गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्दै नेपाली समाजको रुपान्तरणमा सहयोग पुर्‍याउनु हुने सबैको योगदानको स्मरण गर्न चाहन्छु ।

हाम्रो गाउँपालिकाभित्र रहेको सिमित श्रोतसाधनको अधिकतम सदुपयोग गरी समृद्ध गाउँपालिका बनाउने अवसर र चुनौती रहेको छ । जनताप्रति उत्तरदायी स्थानीय सरकार र जनप्रशासनबाट मात्रै गाउँपालिकाले लिएका नीति र लक्ष्यहरु छिटोछरितो रुपमा पुरा गर्न सकिन्छ भने जागरुक, श्रृजनशिल, स्वस्थ, लगनशिल, चेतनशिल जनसमुदायको पहल कदमिबाट मात्र यस गाउँपालिकाको समृद्धि हासिल हुन जान्छ ।

विकासका सम्भाव्य अवसरहरुलाई सामाजिक न्याय, क्षेत्रिय सन्तुलनका साथसाथै साधन श्रोतको वास्तविक रुपमा कार्यान्वयन गर्न आवश्यकताका आधारमा प्राथमिकीकरण गरी सन्तुलित विकासका निम्ति मार्गदर्शन गर्न निम्नलिखित भिजन मिसन तथा नीतिहरु अवलम्वन गरी आर्थिक वर्ष २०८०/८१ को गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरीएको व्यहोरा गरीमामय सभा समक्ष निवेदन गर्न चाहन्छु ।

## सभाका सदस्यज्यूहरु,

स्थानीय सरकारको गठनसँगै जनताहरुका अपेक्षाहरु वढी नै छन् तापनि सबै विकास तथा अपेक्षा एकै पटक पुरा गर्न सकिने होइन । आवश्यकताका प्राथमिकता, सम्भाव्यता, औचित्यताका साथसाथै बजेटको सिमितताका विचबाट विकासको बाटो पहिल्याउने मुल उद्देश्यले यो नीति, कार्यक्रम तथा बजेट ल्याइएको छ । सोही उद्देश्य पुरा गर्न देहाय अनुसारका आधार र मार्गदर्शनमा टेकेर वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण गरीएको छ ।

**१.** नेपालको संविधानमा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारहरुको सुची ,

२. संविधानमा उल्लिखित राज्यको उदेश्य तथा नीतिहरु,

३. नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु,

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म तथा उद्देश्य,

५. नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन,

६. संघीय सरकार तथा प्रदेश सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,

७. संघीय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तिय नीतिहरु,

८. स्थानीय तहको आवधिक योजनाले अंगिकार गरेका प्राथमिकताहरु,

९. नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु,

१०. संघीय सरकारका क्षेत्रगत नीति, रणनीति योजना तथा अध्ययन प्रतिवेदनहरु,

११. समपुरक तथा विशेस अनुदान र सहलगानी सम्वन्धी कार्यविधि

१२. विकासका समसामयिक मुद्धाहरु (दिगो विकास, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, पोषण सुरक्षा ,लैगिक सशक्तिकरण, पूर्ण सरसफाई, पूर्ण खोप, फोहोर मैला व्यवस्थापन जस्ता विषयहरु,

१३. स्थानीय तहको मध्यकालिन खर्च संरचना अनुरुप प्राथमिकतामा परेका विषयहरु,

१४. स्थानीय तहको प्रमुख समस्या र सम्भावना तथा अन्य आवश्यक देखेका अन्य विषयहरु

१५. गाउँपालिकामा रहेका विभिन्न विषयगत समितिले अवलम्वन गरेका नीतिहरु

१६. झिमरुक समृद्दी कार्यशालावाट प्राप्त सुझावहरु

**सभाका सदस्यज्यूहरु ,**

अब म आ.व २०७९/८० मा झिमरुक गाउँपालिकावाट भए गरेका मुख्य मुख्य कार्यहरु र उपलब्धीहरुको छोटो समिक्षा गर्न चाहान्छु।

१. संविधान सभाबाट नेपालको संविधान जारी भई संघीय लोकतान्त्रिक गणतन्त्र सहितको शासन प्रणाली स्थापना भई कार्यान्वयन भईरहेको सन्दर्भमा नेपाली समाजको सामाजिक आर्थिक रुपान्तरण तथा प्रभावकारी शासकीय व्यवस्थापनको लागि जोड दिइएको छ ।

२. यसै परिप्रेक्षमा गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रमा उपलब्ध सम्भावनाहरुको उचित व्यवस्थापन गरी गाउँपालिकाको समग्र विकास सुशासन र समृद्धिका लागि गाउँपालिका दृढ संकल्पित रहेको छ ।

३. विकास तथा सुशासनका लागि कानूनी आधार तयार गर्ने सिलसिलामा आवश्यक नीति, ऐन, कार्यविधि, मापदण्ड, निर्देशिका, मार्गदर्शन निर्माण भई कार्यान्वयनमा आएका छन् ।अन्य आवश्यक कानूनहरु निर्माणको क्रममा रहेका छन् ।

४. आ.व २०७८/७९ मा स्थानीय तह स्वमुल्याङ्कन वाट ६३.७५ अंक प्राप्त भएको छ ।यस आ.व मा सो भन्दा वढी अंक लिने गरी कार्य भई रहेको छ । सुशासन कायम गर्न गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीको व्यवस्था गरीएको छ ।सार्वजनिक महत्वको सूचना३/३ महिनामा स्वत सार्वजनिक गर्ने गरीएको छ ।

५. चालु आर्थिक वर्षमा भौतिक पूर्वाधार भवन, मोटरबाटो, खानेपानी,सिचाई,झोलुङ्गेपुलहरु आदी संरचनाहरुको निर्माण भएको छ । चालु आर्थिक वर्षमा स्वास्थ्य तथा शिक्षाका सूचकहरु पनि उत्साहजनक रहेका छन् ।

६. आ.व. २०७९/८० को जेठसम्म न्यायिक समितिमा ३१ वटा र गत वर्षका अल्या ९ गरी जम्मा ४० उजुरी/निवेदनहरु मध्ये २७ वटा उजुरी / निवेदन सुनुवाई भई २४ वटा उजुरी निवेदनको न्याय निरुपण गरी किनारा लगाईएको छ ।जसमा २१ वटा मेलमिलाप र ३ वटा निर्णय सिफारिस भएका छन ।झिमरुक गाउँपालिकाका सवै वडाहरुवाट सहभागिता हुने गरी ३० जना मेलमिलाप कर्ता उत्पादन गरीएको छ ।

७. यस अवधिमा गाउँसभा १,कार्यपालिका वैठक १३,कर्मचारी वैठक ७ वटा, विपद् व्यवस्थापन कोष सञ्चालन समिति वैठक ३ लगाएतका विभिन्न समितिको बैठकहरु सम्पन्न भएका छन ।

८. झिमरुक गाउँपालिकाको समृद्दीको लागि विभिन्न क्षेत्रगत विज्ञ सहित विभिन्न सरोकारवालाहरुको उपस्थितिमा वृहत कार्यशाला गोष्टी सम्पन्न भएको छ ।

९. यस आ.व. को जेठ मसान्तसम्म **घ** वर्ग ईजाजत पत्र/नयाँ प्राईभेट फर्म/संस्था/व्यवसाय गरी जम्मा २४ वटा दर्ता भएका छन् ।

१०. संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने विपन्न नागरिक औषधी उपचार सहायता सिफारीस २५ जनालाई गरीएको छ ।

११. यस आ.व. मा सामाजिक सुरक्षातर्फ जेष्ठ नागरिक, विधवा, अपाङ्ग र दलित वालवालिका गरी जम्मा ३३८७ जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् । जन्म, मृत्यु, विवाह, वसाईसराई र सम्वन्ध विच्छेद सम्वन्धी व्याक्तिगत घटना यस अवधीमा ५७१२ वटा दर्ता भएका छन् ।

१२. यस आ.व मा उपभोक्ता समिति मार्फत ५७२ र ठेक्का मार्फत १० गरी जम्मा योजना ५८२ वटा योजना संझौता भएका छन भने कार्यान्वयन भएका योजना मध्ये ३१७ वटा भुक्तानि को लागि प्राप्त भएका छन ।।

१३. गाउँपालिका स्तरमा १५ शैयाको अस्पतालको सबै प्रक्रिया पुरा भई निर्माण कार्य अगाडि वढेको छ । बहुवर्षिय आयोजनाको रुपमा रहेको चिस्यान केन्द्रको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

१४. समपुरक योजना अन्तरगत झिमरुक रिङ्गरोड योजना,चौके कम्दले मोटर बाटो, ढाड स्याउलिघारी दिहाल्ना मोटर बाटो, ढाड-गब्दी-तुसारा मोटर वाटो, ढाड-बाँदिकोट-देउरालीमोटर बाटो, चिसावाङ्ग

नेटा वडाकार्यालय जाने मोटरबाटोको स्तरउन्नतिको कार्य भई रहेको छ । दिहाल्ना-रुमघास खानेपानीको निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको छ । साहुँखुट्टा र वडा नं २,३ जोड्ने कल्से-सिममा ट्रसखाले झोलुंगे पुल निर्माण कार्य भईरहेको छ ।

**१५.** सुरक्षित खानेपानीको प्रयोग सम्वन्धी वडा स्तरिय अभिमुखिकरण कार्यक्रम ८ वटै वडामा सम्पन्न भएको छ । जसमा २३२ जनाको सहभागिता रहेको छ।

**१६.** विद्यालयहरुको भौतिक पूर्वाधार विकासलाई प्राथमिकतामा राखि श्री सीता मा.वि.झिमरुक – ७ मा ४ कोठे भवन तथा श्री प्रभात मा.वि.झिमरुक-३ र श्री ने.रा.मा.वि.झिमरुक-५ मा २ कोठे भवन निर्माण कार्यक्रम अन्तिम चरणमा पुगेको छ।

**१७.** सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिन श्री ने.रा.मा.वि.झिमरु-६ र श्री कमेरपानी आ.वि.मा ICT प्रयोगशाला तथा श्री सर्वोदय मा.वि.झिमरुक-२ मा विज्ञान प्रयोगशाला र श्री बलभद्र मा.वि.झिमरुक-२ मा पुस्तकालय स्थापना तथा सञ्चालन गरीएको छ।

**१८.** युवा प्रतिभाहरुलाई खेलमा आकर्षित गरी यसको माध्यमबाट गाउँपालिकाको प्रतिष्ठालाई उचाईमा पुर्याउन पालिकास्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सम्पन्न भएको छ।

**१९.** आधारभूत तह (कक्षा १-८) सम्मको झिमरुक गाउँपालिका स्तरीय स्थानीय पाठ्यक्रम निर्माण (हाम्रो झिमरुक) को कार्य अन्तिम चरणमा पुगेको छ।

**२०.** मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमबाट गत वर्ष विपदका कारण भौतिक क्षति भएका ११ वटा विद्यालयहरुको मर्मत सम्मार गरीएको छ।

**२१.** चालु आ.व. २०७९/८० मा ३२४२ छात्रा तथा दलित विद्यार्थीहरुले छात्रवृत्ती प्राप्त गरेका छन्।

**२२.** कक्षा ६ देखि १२ सम्मका छात्रा विद्यार्थीहरुलाई निःशुल्क सेनिटरी प्याडको व्यवस्था गरीएको छ ।

**२३.** लघु उद्यम विकास कार्यक्रम मार्फत उद्यमीहरुको पहिचान गरी विभिन्न सीप विकास सम्वन्धी तालिम १४४ जनालाई प्रदान गरीएको छ ।

**२४.** ५० प्रतिशत अनुदानमा ३१.५ क्विन्टल मकैको बिउ २८९ कृषकहरुलाई बितरण गरीएको छ । ५० प्रतिशत अनुदानमा १४६ क्विन्टल आलुको बिउ १२८ वटा कृषि तथा पशु पन्छी फर्म/समुहलाई वितरण गरीएको छ ।

**२५.** झिमरुक गाउँपालिकाको वडा न ८ मा स्मार्ट कृषि कार्यक्रम सञ्चालन भइरहेको छ।

**२६.** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तर्जुमा भएका ५६ योजनाहरुमा सुचिकृत वेरोजगारहरु मध्ये १७८ जनाले काम गरीरहेका छन ।

२७. यस आ.व. मा विपद् व्यवस्थापन कोषवाट विभिन्न विपद्जन्य घटनावाट प्रभावित ३७ जना व्याक्तिहरुलाई राहत रकम उपलव्ध गराईएको छ ।

२८. वहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत ८ वटै वडाका १६० जना सुनौलो हजार दिनका आमाहरुलाई ५ वटाका दरले ८०० कुखुरा चल्ला वितरण गरीएको छ ।

२९. गाउँपालिकाको समन्वयमा आँखा शिविर सञ्चालन गरी १०१६ जनाको आँखा रोगको उपचार र मोतिया विन्दुको शल्यक्रिया कार्यक्रम सम्पन्न गरीएको छ । मातृ तथा नवशिशु कार्यक्रमतर्फ ९६ जना गर्भवती महिलाहरुलाई भिडियो एक्सरे सेवा प्रदान गरीएको छ ।

३०. झिमरुक गाउँपालिका र प्रदेश स्वास्थ्य निर्देशनालय राप्ति उपत्यका देउखुरी, दाङ्गको सहकार्यमा निशुल्क विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन गरी सेवा प्रदान गरीएको छ ।

३१. कोभिड-१९ विरुद्धको फाइजर, वाइ भ्यालेन्ट खोपको वुस्टर र थप वुस्टर खोप अभियान सञ्चालन, अनुगमन, सुपरिवेक्षण गरीएको छ ।

३२. मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत १६८ जना सुत्केरी आमाहरुको घरमै पुगेर **PNC Home Visit** कार्यक्रमबाट स्वास्थ्य सेवा प्रदान गरीएको छ ।

**सभाका सदस्यज्यूहरु ,**

गाउँपालिकाको समग्र विकासका निम्ति मार्गदर्शन गर्न निम्न लिखित नीतिहरु अवलम्वन गरी आर्थिक वर्ष २०८०/८१ को झिमरुक गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरीएको व्यहोरा निवेदन गर्न चाहन्छु ।

नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक समाबेशी प्रतिनिधित्व, समतामूलक समाज, तीन खम्बे आर्थिक नीति, समाजवाद उन्मुख अर्थतन्त्र, सबै प्रकारका भेदभाव उन्मूलन, नागरिक स्वतन्त्रता लगायतका मौलिक हकहरुको कार्यान्वयन एवम् कानुनी राज्यको मूल्य मान्यतालाई स्थापित गर्ने नीति अख्तियार गरिनेछ ।

नेपालको संविधान, पन्ध्रौ पन्चवर्षीय योजना, दिगो विकासका लक्ष्य, नेपाल सरकारका विभिन्न क्षेत्रगत नीति तथा कार्यक्रम र झिमरुक गाउँपालिकाका विभिन्न कानुन, नियम, निर्देशिका, नीति, रणनीति तथा मापदण्ड समेतलाई ध्यान दिंदै गाउँपालिकाको आवश्यकता परिपूर्ति गर्न शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, पर्यटन, उद्योग, जलस्रोत जस्ता क्षेत्रलाई उच्च प्राथमिकतामा राखी प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गरीएको छ ।

संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति तथा झिमरुक गाउँपालिका बिच सहकार्य समन्वय तथा सहअस्तित्वका आधारमा समपुरक तथा विशेष योजनाहरु सञ्चालन गर्ने कार्यलाई प्राथमिकता दिई बजेटको सुनिश्चितता गरीनेछ ।

अन्तरपालिका विच सहकार्य गरी विकासका कार्यहरु अगाडि वढाइ पालिका विचको अन्तरसम्वन्धलाई अझ मजबुत वनाइने छ ।

दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरणका लागि आवश्यक नीति तथा कार्ययोजना तयार गरी दिगो विकासका लक्ष्य पुरा गर्नका लागि क्षेत्रहरुको पहिचान गरी कार्यक्रम कार्यान्वयन गरिनेछ । विकासका क्रियाकलापहरुमा मानव विकास सूचकाङ्कका दृष्टिले पिछडिएका क्षेत्र वर्ग एवं समुदायलाई विशेष प्राथमिकता दिइनेछ ।

**"हाम्रो झिमरुक राम्रो झिमरुक"** भन्ने मूल ध्येय लिई समग्र झिमरुकको आर्थिक सामाजिक विकासको लागि आ.व. २०८०/८१ मा बजेट विनियोजन गरीनेछ । यस झिमरुक गाउँपालिकामा विकास निर्माणका कार्यहरुलाई प्रभावकारी वनाउन र सम्पूर्ण जनताको पहुँच पुऱ्याउनका लागि हाम्रो विकास नीति समतामूलक हुनेछ । विकासलाई पहुँचका आधारमा नभई आवश्यकताको आधारमा अगाडि वढाइने छ ।

**सभाका सदस्यज्यूहरु ,**

अब म आर्थिक विकाससँग सम्बन्धित क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

## कृषि तथा पशुपन्छी विकास

**१.** कृषकहरुको जीवनस्तरमा परिवर्तन ल्याउनको लागि आलु, कोदो, भट्टमास,फापर र वेसार खेतीलाई प्राथमिकतामा राखि उत्पाददिन वस्तु पालिकाले खरिद गर्ने ,उत्पादनको आधारमा अनुदान दिने र बजारको सुनिश्चितता गर्न आवश्यक वजेट को व्यवस्था मिलाईने छ भने विउको स्रोत केन्द्रको रुपमा विकास गरिनेछ ।

**२.** कृषकहरुले फलफूल लगायतका उत्पादित वस्तुहरुलाई चिस्यानकेन्द्रमा राख्दा लाग्ने खर्चको ५० प्रतिशत अनुदान सम्वन्धित कृषकहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

**३.** उत्कृष्ट कृषकहरुलाई देश तथा विदेशका उत्कृष्ट कृषि फर्महरुमा अध्ययन, अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

**४.** कृषि तथा पशुपन्छी क्षेत्रमा आईपर्ने सम्भाबित बिपदको लागि कृषि तथा पशुपन्छी बिपद कोषलाई निरन्तरता दिइनेछ ।

**५.** किसान सूचिकरण कार्यक्रमलाई प्रभाबकारी बनाई सबै वडाका कृषकहरुलाई किसान परिचय पत्र वितरण गर्ने व्यवस्था मिलाईने छ ।

**६.** कृषिको आधुनिकीकरण व्यावसायीकरणमा उच्च प्राथमिकता दिईनेछ | माटो परीक्षण शिविर, कृषिको उत्पादनको आधारमा कृषकहरुलाई प्राविधिक तथा आर्थिक सहयोग गर्न,कृषि सामाग्री

संकलन केन्द्रको व्यबस्थापनको लागि नीति अबलम्बन गरी सुन्तलाजात पकेट क्षेत्र बिस्तार आलुबालिको पकेट क्षेत्र बिस्तार,कृषि यान्त्रिकरणमा जोड दिइनेछ ।

७. कृषि तथा पशुपालन क्षेत्रको जोखिम न्यूनीकरणका लागि बिमा बिस्तार कार्यक्रम सञ्चालन गरीनेछ ।

८. कृषि पेसालाई सम्मानित पेसाको रुपमा बिकास गर्नको लागि उत्कृष्ट कृषि व्यवसाय गरीरहेका कृषकहरुलाई सम्मान कार्यक्रम सञ्चालन गरीनेछ ।

९. मकै बालीको उत्पादन र उत्पादकत्व बृदी गरी कृषकको आयस्तर बढाउनका लागि मकै बालि प्रवर्दन कार्यक्रम सञ्चालन गरीनेछ ।

१०. उन्नत बिउ उत्पादन गर्ने किसानलाई प्रोत्साहान स्वरूप अनुदानको रकम उपलब्ध गराईनेछ । उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नका लागि उन्नत बिउ उपयोगमा ५०% अनुदानमा खाद्यान्न बालीको बिउ वितरण कार्यक्रम सञ्चालन गरीनेछ ।

११. खाद्यन्न तथा सिमिको बिउ उत्पादन कार्यक्रम बालि बिरुवामा देखा पर्ने रोग तथा किरा नियन्त्रण गर्नको लागि निशुल्क रुपमा विषादीको व्यबस्था मिलाईनेछ ।

१२. झिमरुक गाउपालिकाको स्वामित्वमा रहेको कृषि तालिम तथा नमुना प्रर्द्धशनी केन्द्रमा करिब १५० जना कृषकहरुलाई तालिम प्रदान गरीनेछ ।

१३. कृषकको मागको आधारमा ५०% अनुदानमा हाइब्रिड तरकारी र टि.पी.एस.आलुको बिया वितरण कार्यक्रम सञ्चालन गरीनेछ ।

१४. पशु पन्छीमा देखा पर्ने रोगको रोगथाम तथा निदान गर्नको लागि औषधीको आवश्यक प्रवन्ध मिलाईने छ ।

१५. एक बस्ति एक उत्पादन कार्यक्रमलाई जोड दिईनेछ ।भौगालिक बनोट तथा उत्पादनको आधारमा बिभिन्न जातका पशु पन्छीहरुको पकेट क्षेत्र बिस्तार गरीनेछ ।पशुसेवा केन्द्रदेखि टाढा रहेका स्थानहरुलाई लक्षित गरी पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

१६. दुध,अण्डा, तथा माछा मासुको लागि आत्मनिर्भर हुने गरी व्यवसायिक योजना तयार गरी कार्यान्वयनमा ल्याईने छ ।

१७. पशुपन्छी व्यवसाय सञ्चालन गर्नका लागि कृषकहरुलाई तालिमको व्यवस्था गरिनेछ ।साथै व्यावसायीक कृषकहरुलाई प्रोत्साहित गर्नका लागि हिउँदे घाँसको विउ र डाले घाँसको बेर्ना निशुल्क उपलव्ध गराइने छ ।

१८. पशुपालन व्यावसायलाई सुरक्षित गर्न पशु बिमा सम्वन्धी जानकारी दिन अभिमुखीकरण तालिमको व्यवस्था मिलाईने छ ।

१९. कृषि तथा पशुपन्छी व्यवसायीहरुमा गरीव तथा विपन्न वर्गको लागि विमा गर्दा सत प्रतिशत र वाँकी व्यवसायीहरुको हकमा कृषकहरुले अपनाएको व्यवसायमा विमाको ५० प्रतिशत अनुदान रकम उपलव्ध गराउने ।

## सिंचाई

२०. गाउँपालिका भित्रका विभिन्न सिंचाई कुलो निर्माण तथा बाँधहरुमा तारजाली लगाउने कार्य अघि बढाइनेछ ।

२१. व्यावसायिक खेती गरिनेक्षेत्रमा सिंचाई प्रणाली विकास गर्न र कृषि पकेट क्षेत्रमा सिंचाई सुविधा पुर्याउन गरी आवश्यक कार्यक्रम सञ्चालन गरीनेछ ।

## लघुउद्यम विकास कार्यक्रम

२२. लघु उद्यम बिकास कार्यक्रम लाई अपुग बजेटको आवश्यक व्यवस्था मिलाईने छ ।

२३. गरीबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम मार्फत आयआर्जन अभिवृद्धि गर्न उद्यमी छनौट, बिभिन्न सिप बिकास तालिम, व्यवसायी प्रर्वद्धन कार्यक्रम सञ्चालन गरिनेछ ।साथै उत्पादन भएका उद्यमीहरुको उद्यमशिलताको स्तर उन्नति गरिनेछ ।

२४. उद्यमशिल तालिम प्राप्त गरेका उद्यमिहरुलाई आफ्नो सिपको सहि सदुपयोगका लागि प्रविधि हस्तान्तरण अन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गर्ने नीति लिईने छ । लघु उद्यम बिकास कार्यक्रम मार्फत एक घर एक उद्यमी सृर्जना गरिने छ । स्थानीय स्तरमा भएको स्रोत साधनको प्रयोग गरिनेछ । भइ रहेका लघु उद्यमिहरुलाई स्तर उन्नति गरिनेछ ।

२५. एक वडा एक लघु उद्यम कार्यक्रमलाई विस्तार गरिनेछ । रोजगारमा आधारित पालिका तह को ठुलो उद्योग र वडा तहमा स साना उद्योगहरुमा आधारित उद्यमीको बिकास गरिनेछ ।

२६. चप्पल उद्योग, दुना टपरी उद्योग, बेकरी उद्योग,बास प्रशोधन, चोयाँचित्रा उद्योग उद्यमशिलता तथा प्रवर्धन कार्यक्रम अचार बनाउने, सेनिटरी प्याड बनाउने जस्ता नयाँ घरेलु उद्योगहरु सञ्चालन गर्ने नीति लिइने छ ।

## सहकारी

२७. झिमरुक गाउँपालिकाको सहकारी नीतिमा आवश्यक अध्ययन गरी परिमार्जन गर्दै लगिनेछ। झिमरुक गाउँपालिका भित्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुलाई व्यवस्थित रुपले सहजिकरण गर्न सहकारी सञ्जाल गठन गर्न आवश्यक व्यवस्था मिलाइने छ।

२८. सहकारी संस्थाहरुको नियमित अनुगमन र नियमन तथा प्रवर्द्धन, सुशासन, एकीकरण र बचत तथा लगानीको सदुपयोग र सुरक्षा गर्न आवश्यक व्यवस्था मिलाइने छ।

२९. सहकारी क्षेत्रको पुन:संरचना सहित बचत तथा ऋण सहकारीहरुलाई उत्पादन र श्रम क्षेत्रमा केन्द्रित हुन आवश्यक व्यवस्था गरिनेछ।

३०. गाउँपालिकाभित्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुमा कोपोमिस र लेखा व्यवस्थापन प्रणाली अनिवार्य रुपमा लागु गर्न आवश्यक व्यवस्था मिलाइने छ।

**३१.** उत्पादक सहकारीहरुले ऋण परिचालन गरी कृषि र पशु उपजको उत्पादनमा वृद्धि गर्न प्रोत्साहित गर्ने र उत्पादित वस्तुहरुको विक्रि वितरणको लागि गाउँपालिकाले वजार व्यवस्थापनको व्यवस्था मिलाउने। मच्छी बजारमा हाटवजारको निर्माण गरी सहकारी मार्फत सञ्चालनको व्यवस्था मिलाईने छ।

## पर्यटन

**३२.** पर्यटकीय सूचनालाई विद्युतीय सूचनामा आवद्ध गरी पर्यटन प्रवर्द्धन गरीनेछ ।प्रशिद्ध धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक तथा जैविक विविधता समेतका दृष्टिले मनोरम प्राकृतिक क्षेत्रहरु, गुफा, झरना, दरवार र पुरातात्विक कोटहरू जस्ता महत्वपूर्ण स्थानहरुको पर्यटन प्रवर्द्धन गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।

**३३.** पर्यटन क्षेत्रको उत्थानको लागि आन्तरिक पर्यटन प्रवर्द्धन गर्न जोड दिईनेछ । जसका लागि दिहाल्ना पर्यटकिय पूर्वाधार निर्माण कार्यका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने काम गरीनेछ । साथै ढाँड रक गार्डेन, ओखरकोट बाँदिकोट कोटघर, गडिकोट, तुसारा कोट, बाङ्गेमरोठ कोट, नेपाने खेलकुद मैदान,भेडीराख्ने चौर र इस्नाथान जस्ता पर्यटकीय क्षेत्रको पूर्वाधारहरूको डि.पि.आर.मा उल्लेख भए वमोजिम निर्माणको कार्य प्रारम्भ गरिनेछ ।

**३४.** झिमरुम गाउँपालिकाको पर्यटकीय गुरुयोजना तयार गर्न आवश्यक व्यवस्था मिलाईने छ।

## रोजगारी

**३५.** प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत प्राप्त बजेट तथा कार्यक्रमलाई ऐन, नियमावली तथा कार्यविधिले तोके वमोजिम कार्य सम्पन्न गरीनेछ ।त्यसका लागि सुचिकृत वेरोजगार व्यक्तिहरुबाट प्राथमिकीकरणका आधारमा छनौट गरी न्युनतम १०० दिनको रोजगार सुनिश्चित गरिनेछ ।स्वरोजगारमुखी व्यवसायको लागि विभिन्न तालिमको व्यवस्था गरिनेछ।

**३६.** रोजगारी सिर्जना गर्ने उदेश्यले सिपमुलक तालिमको आवश्यकता पर्ने भएको हुँदा तालिम केन्द्र व्यवस्थापनको लागि आवश्यक प्रकृया अगाडि वढाईने छ ।

**३७.** गाउँपालिकाबाट सञ्चालन हुने भौतिक पूर्वाधारका आयोजनाहरुमा आवश्यक निर्माण सामग्री गाउँपालिकाको स्रोतबाट व्यवस्था गरी मानवीय जनशक्ति प्रधानमन्त्री रोजगार कार्यक्रमबाट परिचालन गर्ने गरी रोजगार कार्यक्रमसँग म्याचिङ्ग गर्ने कार्यक्रम कार्यान्वयनको नीति लिइने छ ।

**३८.** सुचीकृत वेरोजगारहरुलाई प्राथमिकताको आधारमा गाउँपालिकाबाट सञ्चालित आयोजनाहरुमा उनिहरुको ज्ञान, सिप र दक्षताको आधारमा रोजगारीको सुनिश्चितता गर्ने व्यवस्था मिलाईने छ।

**३९.** स्थानिय स्तरमा रोजगारीको प्रवर्द्धनका लागि सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ । बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार अ व्यवस्थापन प्रणालीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरीनेछ ।

४०. वैदेशीक रोजगारीमा जाने व्याक्तिको लागि श्रम स्वीकृत र पुन श्रम स्वीकृतिको कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वयन गरिनेछ ।शैक्षिक वेरोजगार व्याक्तिहरुको तथ्याङ्क संकलन गरी एक घर एक रोजगारीको सुनिश्चिताको लागि आवश्यक नीति लिईने छ ।

४१. सबै जनप्रतिनिधी र कर्मचारीहरुले महिनाको १ दिन श्रमदान गरिनेछ र स्वःवापत जम्मा भएको रकम आधारभूत स्वास्थ्य एकाईहरुमा स्वास्थ्य तथा जनशक्ति व्यवस्थापनमा र सेवा विस्तार क्षेत्रमा खर्च गरिनेछ।

**सभाका सदस्यज्यूहरु,**

**अब म सामाजिक विकास तर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

## स्वास्थ्य तथा पोषण

४२. ६० वर्ष भन्दामाथिका ज्येष्ठ नागरिकहरु र महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई निःशुल्क आँखा उपचारका लागि प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल विजुवारमा आ.व.२०७६/७७ देखि उपचारको व्यवस्था मिलाईएकोमा आ.व २०८०/८१ मा पनि सो सुविधा उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

४३. आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि सूचीकृत गरीएका अत्यावश्यक औषधी खरिदका लागि आवश्यक थप बजेट सुनिश्चितता गरिनेछ ।

४४. स्वास्थ्य सस्थाको पहुँचवाट टाढा रहेको वडा नं २ को देउराली, वाड नं ५ को ओखरकोट, वडा नं ६ को मर्कावाङ र वडा नं ७ को कुता वस्तिमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी सञ्चालन गरीनेछ ।

४५. पूर्णसरसफाई युक्त पालिका घोषणा, पुर्णखोपयुक्त पालिका घोषणा, पूर्णसंस्थागत प्रसुति सेवा र कुपोषण रहित समाज निर्माण गरी यसको निरन्तर्ताको लागि आवश्यक वजेट व्यवस्था गरीनेछ ।

४६. गुणस्तरीय स्वास्थ्य सेवा प्रदानको लागि १३ वटा खोप क्लिनिक भवन ९ वटा गाउँघर क्लिनिक भवन निर्माणको लागि आवश्यक वजेटको व्यवस्था मिलाइनेछ ।

४७. पूर्णखोप सुनिश्चितता, दिगोपन कार्यक्रमको निरन्तर्ताको लागि आवश्यक योजना बनाईनेछ ।

४८. झिमरुक गाउँपालिकालाई पूर्ण संस्थागत प्रसुती बनाउन गर्भवती तथा सुत्केरी महिलाहरुको उपचारको लागि निःशुल्क एम्वुलेन्स सेवाको व्यवस्था मिलाइनेछ ।सुरक्षित प्रसुति सेवा केन्द्रको संख्या बढाईने र समुदायस्तरमा घरमा सुत्केरी हुँदा हुने जोखिमका बारे सचेतिकरण गर्ने नीति कार्यक्रम बनाईने छ।

४९. मातृ तथा बाल स्वास्थ्य, प्रजनन स्वास्थ्य,पोषण स्वास्थ्य,लगायत आधारभूत स्वास्थ्यको लागि आवश्यक बजेट तथा कार्यक्रमहरूको तर्जुमा गरिनेछ ।

५०. स्वास्थ्य सेवाको पहुँच गाउँवस्तीसम्म पुऱ्याउन खोप क्लिनिक र गाउँघर क्लिनिकलाई थप प्रभावकारी बनाउदै भौतिक पूर्वाधार थप गर्दै लगिने छ।साथै आवश्यकता अनुसार जनशक्तिको व्यवस्थापन गरी सामुदायिक स्वास्थ्य एकाइ विस्तार गरिनेछ ।

५१. क्यान्सर,मुटु,मृगौला लगायतका रोगका दिर्घरोगीहरुलाई दिइदै आएको आर्थिक सहायतालाई निरन्तरता दिइने छ ।

५२. झिमरुक गाउँपालिकाका नागरिकहरुलाई सुलभ स्वास्थ्य सेवा उपलव्ध गराउन ओखरकोट स्वास्थ्य चौकीलाई स्तरउन्नती गरी १५ शैयाको अस्पतालको भवन निर्माणकार्य सम्पन्न गरी सञ्चालनमा ल्याईने छ ।

५३. यस गाउँपालिकामा रहेको नागरिक आरोग्य केन्द्रबाट प्रदान गरिनेआर्युर्वेदिक स्वास्थ्य सेवालाई थप प्रभावकारी वनाउन आवश्यक पूर्वाधार र औषधीको व्यवस्था मिलाईने छ ।

५४. गाउँपालिकाभित्र रहेका एच.आई.भि संक्रमितहरुको पोषण स्वास्थ्यमा सुधार ल्याउने र एच. आई.भि तथा एड्स सम्वन्धी सचेतना तथा लान्छना र विवेद न्युनीकरण अभिमुखीकरण कार्यक्रमका लागि वजेटको आवश्यक प्रवन्ध मिलाईने छ।

५५. झिमरुक गाउँपालिकाभित्र रहेका असहाय अशक्त गरीब तथा विपन्न वर्गको लागि निशुल्क स्वास्थ्य विमा गरिदिने कार्यलाई प्राथमीकतामा राखि कार्यान्वयन गरिनेछ ।

५६. झिमरुक गाउँपालिकाभित्र सुचिकृत स्वास्थ्य संस्थाहरु र जिल्ला अस्पत्तालमा प्रसुति सेवा लिन जाँदा र फर्कंदा लाग्ने यातायात खर्चमा नेपाल सरकारले दिएको यातायात खर्च सुविधामा थप रकम उपलव्ध गराउने वा निःशुल्क एम्वुलेन्स सेवाको व्यवस्था मिलाईने छ ।

५७. महिला सामुदायिक स्वास्थ्य स्वयंमसेवीकाहरुले गरेको कार्यको उच्च मुल्याङ्कन गर्दै प्रोत्साहन रकमलाई निरन्तर्ता गरिनेछ ।

५८. सुरक्षित मातृत्व सेवा विस्तारका लागि आधारभुत स्वास्थ्य केन्द्रहरुमा थप जनशक्ति र औजार उपकरण र कोठाको व्यवस्था गरी सुरक्षित प्रसुति सेवा सञ्चालनमा ल्याउन आवश्यक बजेटको व्यवस्था गरीनेछ ।

५९. गाउँपालिका भित्र रहेका ८४ वर्ष माथिका जेष्ठ नागरिकहरुलाई स्वास्थ्यकर्मीबाट गरीदै आएको घरभेट कार्यक्रमलाई थप प्रभावकारी गराउन र जेष्ठ नागरिकमा देखिने स्वास्थ्य समस्या अनुसारको आवश्यक औषधी खरिद गर्ने व्यवस्था मिलाईने छ ।

६०. पोषणमैत्री र पूर्ण सरसफाइ यूक्त पालिका घोषणा गर्न १ घर १ करेसावारीको अवधारण अनुसार घरायसी खाद्यान उत्पादनमा वृद्धि हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

६१. वहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत सुनौलो हजार दिनका आमा र वच्चालाई केन्द्र विन्दुमा राखेर पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।साथै महिला वालवालिका र किशोरीहरुमा हुने सवै

प्रकारको कुपोषणको अवस्था घटाउन वहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ ।

६२. झिमरुक गाउँपालिकामा रहेका विपन्न परिवारका लागि निशुल्क स्वास्थ्य विमा कार्यक्रम लाई निरन्तरता दिईने छ ।

६३. महिला, बालबालिका र किशोरीहरुमा हुने सबै प्रकारको कुपोषणको अवस्था घटाउन यस गाउँपालिकाले बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप विस्तार गरीनेछ । विपन्न वर्ग तथा सीमान्तकृत समुदायमा विशेष प्याकेजका कार्यक्रम सहित यस गाउँपालिकाका ६ वडालाई आगामी आर्थिक वर्ष भित्र पोषणमैत्री स्थानीय शासन लागु गरिनेछ ।

६४. शिशु तथा बाल्यकालीन पोषणमा स्तनपान, पूरक खाना, स्याहार सुशार सम्वन्धी बानी, सरसफाई, स्वच्छता, खाद्य सुरक्षा, संक्रमणको अवस्थामा समुचित उपचार जस्ता विषयहरुलाई एकीकृत रुपमा सम्वोधन हुने गरी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

## शिक्षा, युवा तथा खेलकुद

६५. सबै विद्यालहरुको भौतिक पूर्वाधारहरुमा सुधार गर्न आवश्यकता र औचित्यताका आधारमा नयाँ बालमैत्री,अपाङ्गमैत्री एवं लैंगिकमैत्री विद्यालय भवन र शौचालयहरु निर्माण गरीनेछ।

६६. सिकाइ सहजीकरण प्रक्रियालाई प्रभाकारी बनाउन शिक्षकहरुको पेसागत विकास तथा विद्यार्थी उत्प्रेरणाका कार्यक्रमहरु ल्याइनेछ।

६७. कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम (हाम्रो झिमरुक) निर्माण भई प्रमाणीकरण भईसकेकोले यसलाई क्रमशःकार्यन्वयनमा लैजान आगामि शैक्षिक सत्रमा कम्तिमा १-३ सम्मको पाठ्यपुस्तक प्रकाशन गरी पठनपाठन प्रक्रिया अघि वढाइने छ ।

६८. सामुदायिक विद्यालयहरुमा रहेको शिक्षक दरबन्दीको असमान वितरणलाई व्यवस्थित गर्न विद्यालय शिक्षक,कर्मचारीहरुको दरबन्दी मिलान कार्य गरीनेछ।

६९. सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको पहुँच वृद्धि गरीनेछ।

७०. खेल क्षेत्रको विकास र विस्तारका लागि खेलकुद संरचना निर्माण तथा खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ।यसबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न योग्य युवा खेलाडी तयार हुने अपेक्षा गरीएको छ।

७१. विद्यार्थीहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यालयहरुको संस्थागत क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरीनेछ।

७२. शिक्षाको गुणस्तर वृद्धि गर्नको लागि शिक्षक दरबन्दी कम भएका विद्यालयहरुलाई शिक्षक अनुदान रकम दिने व्यवस्थालाई आवश्यकता र औचित्यका आधारमा निरन्तता दिइने छ।गौमुखी बहुमुखी क्याम्पसमा अध्ययनरत सबै तहका विद्यार्थीहरुको भर्ना शुल्क र मासिक शुल्कमा अनुदान दिई निःशुल्क पढ्न पाउने व्यवस्थाको लागि आवश्यक बजेटको व्यवस्था मिलाईने छ ।

**७३.** विपन्न वर्गका परिवारका बालबालिकाहरुलाई छात्रवृत्ती सहयोगमा प्राविधिक शिक्षा अध्ययनको व्यवस्थालाई निरन्तरता दिइने छ।

**७४.** शैक्षिक गुणस्तर सुधारको लागि ठोस योजना वनाइ आधारभूत कक्षादेखि नै अङ्गेजी माध्यमबाट पठन पाठनको प्रक्रिया अघि बढाउने छ ।

**७५.** पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर र झिमरुक गाउँपालिका विच भएको सम्झौता वमोजिम चिकित्साशास्त्रमा स्नातक (एम.वि.वि.एस) तह अध्ययनको लागि दिइदै आएको छात्रावृति कार्यक्रमलाई निरन्तरता दिइने छ ।

**७६.** चालु बर्षसम्मको लागि २ जना ईन्जिनियर र २ जना सव-ईन्जिनियरलाई सत प्रतिशत शुल्क गाउँपालिकाले व्यहोर्ने व्यवस्था गरी प्राविधिकधार तर्फ निःशुल्क व्यवस्था भएकोमा यस टिमलाई पुरा अवधि अनुदान दिने गरी आगामी आ.व. देखि कृषि तथा पशु क्षेत्रमा अध्ययन गर्ने २/२ जना जे.टि.ए.हरुलाई सरकारी कलेजमा पढे बापत ५० प्रतिशत अनुदानको व्यवस्था मिलाईने छ । उक्त ४ जनामध्ये १ जना दलित विद्यार्थीलाई प्राथमिकता दिई पूर्ण छात्रवृत्तीमा पढ्ने व्यवस्थामा मिलाईने छ।साथै आगामी आ.व.देखि सरकारी कलेजमा एम.वि.वि.एस. तर्फ नाम निकाली अध्ययन गर्ने १ जना विद्यार्थीको हकमा समेत ३० प्रतिशत अनुदान गाउँपालिकाले व्यहोरी पढ्ने व्यवस्था मिलाईने छ ।

## खानेपानी तथा सरसफाई

**७७.** दिगो विकास लक्ष्यलाई अनुसरण गर्नको लागि वास प्लानमा रहेका सुचकलाई आत्मसाथ गरी योजना निर्माण गरी कार्यान्वयनमा ल्याईने छ । विद्यालय तथा सामुदायीक संस्थामा सरसफाइ स्वच्छता सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ। पूर्ण सरसफाइको लागि समुदाय स्तरमा अभिमुखिकरण तथा सचेतनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

**७८.** खानेपानी मुहान दर्ता प्रक्रिया र मुहान विवादलाई सरलीकृत गर्न ऐन, नियम कानुन कार्यविधि निर्देशिका बनाई गाउँपालिकामा नै मूलदर्ता गर्ने प्रकृया अघि वढाईने छ ।

**७९.** प्रत्येक नागरिकलाई सुरक्षित खानेपानी प्रयोगको लागि १ घर १ धाराको लागि ८ वटै वडाहरुमा एकिकृत रुपमा डि.पि.आर गरी बजेटको सुनिश्चिता गरिनेछ ।

**८०.** सुरक्षित खानेपानीको प्रयोगको लागि गाउँपालिकामा ल्याव स्थापना गरी पानी परिक्षण प्रकृयाको व्यवस्था गरिनेछ ।सुरक्षित खानेपानी यूक्त समुदाय घोषणको लागि अभियान सञ्चालन गरिनेछ।

**८१.** खानेपानी योजनाहरुको दिगो विकास र नियमित मर्मत संभार को लागि दक्ष जनशक्ति उत्पादन को लागि तालिमा सञ्चालन गरिनेछ ।

## सांस्कृतिक प्रवर्द्धन

**८२.** लोपोउन्मुख सास्कृतिक महत्वका प्रथा, प्रचलन र संकारहरुको अस्तित्व रक्षाको लागि आवश्यक वजेटको व्यवस्था मिलाईने छ ।

**८३.** झिमरुक गाउँपालिकाभित्र रहेका कोट घर तथा देवस्थलहरुलाई पर्यटकीय स्थलको रुपमा विकास गरी प्रचार प्रसारमा जोड दिइनेछ र मागको आधारमा पुजाआजा खर्चको लागि आवश्यक वजेटको व्यवस्था मिलाइनेछ ।

**८४.** विभिन्न पर्वहरुलाई व्यवस्थितरुपमा सञ्चालन गर्न, धार्मिक क्षेत्रहरुको मौलिकता तथा ऐतिहासिक महत्वको उजागर गर्दै यस क्षेत्रको संस्कृति प्रर्वद्धन गरी हाम्रो संस्कृति हाम्रो पहिचानको अवधारणको नीति लिइने छ । परम्परागत पर्व तथा संस्कृति संरक्षणको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

**८५.** स्थानीय मौलिक एवं प्राचीन वास्तुकला प्रवर्द्वन गर्न स्थानीय निर्माण सामग्री प्रयोग गरी सुरक्षित घर निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।गाउँपालिकाभित्रको संस्कृति झल्किने गरी विभिन्न जातजाति तथा भेषभुषा समेट्ने खालका कार्यक्रमलाई निरन्तरता दिइने छ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

**८६.** नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरी बालअधिकार महासन्धीमा अंकित गरेका बाल अधिकारका चार आयाम बालबचाउ, बालसंरक्षण, बालबिकास र बालसहभागिता जस्ता विषयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक कार्यक्रम र वजेटको व्यवस्था गरिनेछ ।साथै बालमैत्री गाउँपालिका निर्माणको लागि आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।

**८७.** संविधानको भावना र मर्म अनुरुप गाउँपालिका क्षेत्रमा मानव विकास सूचकाङ्कको आधारमा पछाडि परेका वर्ग, समुदायको सशक्तिकरण गर्दै आर्थिक तथा सामाजिक रूपान्तरणको लागि लक्षित वर्गका कार्यक्रमहरु सञ्चालन गरिनेछ । सिप तथा क्षमता विकास तालिम सञ्चालन गरी गाउँपालिका भित्र रोजगारी श्रृजना गर्ने तर्फ प्राथमिकताका साथ कार्य योजना बनाईने छ ।

**८८.** आर्थिक समृद्धि र दिगो विकासका लागि समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै श्रोत साधन, अवसर, लाभमा महिलाको समान पँहुच स्थापित गर्न सक्ने लक्षित कार्यक्रम सञ्चालन गर्ने नीति लिईने छ ।

**८९.** लैङ्गिक विभेदको अन्त्य गर्दै पछाडि परेका वर्ग तथा समुदाय ,दलित, आदिबासी जनजाती, पिछडिएका वर्ग, फरक क्षमता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई राज्यको सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको प्रत्याभूती गरिनेछ ।

**९०.** "झिमरुकको शान, लक्षित वर्गको सशक्तिकरण तथा सम्मान" को नीति अनुरुप लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि सम्बन्धित वर्गहरुको समानता एवं उत्थानका लागि

सम्मान कार्यक्रम,क्षमता विकास कार्यक्रम, चेतनामूलक कार्यक्रम, आयमूलक एवं रोजगारमूलक कार्यक्रमहरु सञ्चालन गरी सम्बद्ध संस्था एवं सेवा प्रदायक संस्थाहरुसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

**९१.** ज्येष्ठ नागरिकको ज्ञान, सिप र अनुभवलाई पालिका क्षेत्रको विकासमा प्रयोग गर्न पालिकाबाट ज्येष्ठ नागरिक लक्षित कार्यक्रमलाई थप प्रभावकारी बनाईने छ ।ज्येष्ठ नागरिकको संरक्षण गर्न ज्येष्ठ नागरिक कल्याणकोष स्थापना गरिनेछ ।

**९२.** बालबालिका तथा किशोर किशोरीहरुलाई सबै प्रकारका हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरुको हक अधिकार प्रयोग गर्न योग्य र सक्षम नागरिकको रुपमा विकास गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

**९३.** अपाङ्गता भएका व्याक्तिहरुको कार्यक्षमताको आधारमा सम्मान र सहयोग गरिनेछ ।

**९४.** महिला हिंसा, जातीय भेदभाव तथा छुवाछुत जस्ता कुरीतिहरुलाई न्यूनिकरण गरी सामाजिक सद्भाव कायम गर्न आवश्यक जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी समतामुलक समाज निर्माण गर्न पहल गरिनेछ ।

**९५.** नयाँ निर्माण हुने सार्वजनिक पूर्वाधारहरुलाई वालमैत्री, ज्येष्ठ नागरिकमैत्री, अपाङ्गतामैत्री हुने गरी विकास गरीनेछ ।लैङ्गिक बजेट तथा लैङ्गिक परीक्षणको नीति अवलम्वन गरीनेछ ।

**९६.** वालविबाह, बालश्रम, घरेलु हिंसा, लैगिक हिंसा न्यूनिकरणका कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि वढाइने छ ।लैंगिकक हिंसा निवारण कोषलाई व्यवस्थित गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

**९७.** सामाजिक सुरक्षा भत्ता टोल बस्तीमै वितरण गर्न आवश्यक कानुनी र व्यवहारीक प्रक्रिया मिलाइनेछ ।

**सभाका सदस्यज्यूहरु,**

**अब म पूर्वाधार विकास तर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

## सडक, भवन तथा पूल

**९८.** विद्युतद्धारा सञ्चालनमा आएका लिप्ट खानेपानी आयोजनाहरुको विद्युतिय विल र हेरालु खर्चको ५० प्रतिशत रकम गाउँपालिकाबाट अनुदान वापत उपलब्ध गराउन आवश्यक वजेटको व्यवस्था मिलाईने छ।

**९९.** वाग्दुला, मच्छी, ढाँड सडकलाई कालोपत्रे गर्नका लागि डि.पि.आर.प्रकृया पुरा गरी सर्व प्रथम हाल सौतामारे मच्छी खण्डमा कालोपत्रे तहमा काम भईरहेको मदन भण्डारी राजमार्गको परियोजनालाई मच्छीदेखि बाग्दुलासम्म विस्तार गर्नको लागि आवश्यक प्रकृया अँघि वढाउदै त्यसमा पनि बैकल्पिक विकल्प खोज्नु पर्ने अवस्था आएमा प्रदेश र संघीय सरकारको समपुरक

बजेटमा गाउँपालिकाले समान तरिकाले  साझेदारी गरी बाग्दुला मच्छी ढाड सडकलाई कालोपत्रे गर्नको लागि आवश्यक प्रकृया अँघिबढाईने छ ।सो कार्य पुरा गर्नको लागि सबैखाले विकल्पको खोजि गरिनेछ ।

**१००.** गाउँपालिकाको सबै भौगोलिक क्षेत्रमा सहज पहुँच र आवागमनका लागि सडक गुरुयोजनाको आधारमा सडक संजालको विकास तथा विस्तार गरीनेछ । **वडा केन्द्र सँग जोडिएका ८ वटै वडाका सडकहरुको स्तरउन्नती गरीनेछ।** अधुरो अवस्थामा रहेका सबै आयोजनाहरुलाई वजेटको सुनिश्चितता गर्दै कार्यान्वयन प्रकृयालाई निरन्तरता दिइनेछ ।

**१०१.** प्रत्येक वडामा भूकम्प प्रतिरोधात्मक पूर्वाधार निर्माण सम्बन्धमा ज्यामिलाई  तालिम दिई दक्ष जनशक्ति उत्पादन गरिनेछ ।गाउँपालिका भित्रका मुख्य-मुख्य  आयोजनाहरुको विस्तृत पूर्व संभाव्यता अध्ययन गरिनेछ ।गाउँपालिकाको आवधिक योजना र पाश्वचित्र तयार गरिनेछ।

**१०२.** ढाँड,पिडाल्ने स्यालपाखा झिमरुक जलविद्युत आयोजना निर्माणको लागि गाउँपालिकावाट आवश्यक पहल गरिनेछ ।

**१०३.** योजना बैंक बनाई प्राथमिकीरण गरी सोही अनुसार योजना सञ्चालन गरिनेछ ।पर्यटकीय स्थलहरुको पहिचान गरी पूर्वाधारहरु निर्माण गर्ने कार्यलाई निरन्तरता दिईने छ।

**१०४.** झिमरुक नदी र गर्तङ्गखोलाबाट नदीजन्य पदार्थ उत्खनन् कार्यको लागि वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) गरी तोकिएको मापदण्ड अनुसार निकासी गर्न व्यवस्था मिलाईने छ ।

**१०५. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत विपन्न परिवारका लागि खरको छानो विस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ** । बालबालिका तथा युवाहरूको लागि आवश्यक खेलकुद संरचनाको निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।त्यसैगरी मच्छी प्लटिङक्षेत्रको वारीपारी र मच्छी वजारक्षेत्रको माथिल्लो  भागमा जिर्ण अवस्थामा रहेको झो.पु.को पुनःनिर्माणलाई पाईपलाईनमा राखिने छ ।

**१०६.** प्राथमिकताको आधारमा छनोट भएका चिसावाङ, ढाडा पिडाल्ने, वासाखोला र साहुखुट्टा सिमलचौर मा झोलुङ्गे पुलको निर्माण कार्यलाई अगाडि बढाइनेछ

**१०७.** विभिन्न क्षेत्रबाट लागत साझेदारीका रुपमा कामगर्नु पर्ने आयोजना तथा कार्क्रमहरु सञ्चालनका लागि आवश्यक (म्याचिङ्ग फण्ड) वजेटको व्यवस्था गरिनेछ ।

**१०८.** दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरणका लागि आवश्यक नीति तथा कार्ययोजना तयार गरी दिगो विकासका लक्ष्य पुरा गर्नका लागि क्षेत्रहरुको पहिचान गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**१०९.** गाउँपालिकाभित्र रहेका बजार क्षेत्र तथा मुख्य मुख्य सडकसँग जोडिएर बन्ने भवनहरूको लागि नक्सा पासलाई अनिवार्य गर्ने व्यवस्था मिलाइनेछ ।

**११०.** संघीय तथा प्रदेश समपुरक साझेदारीमा सञ्चालन हुने ढाँड तुषारा मो.वा, स्याउलीघारी टिमुरचौर दिहाल्ना मो.वा, मर्कावाङ्ग-चिचिण्डे-कुचिन्डे- चिप्लेटी-वडाचौर-वालुवा मो.वा,वादीकोट

मैदानदेखि बाँदीकोट ओखरकोट खड्क देवता मन्दिरसम्म सिढी निर्माण र वडा नं २,५,७ मा सामुदायिक स्वास्थ्य ईकाईका पूर्वाधार निर्माण कार्य अगाडि वढाईने छ ।

**१११.** मोटरबाटोहरुको किनारामा वनाईने जुनसुकै प्रकारका पक्की संरचनाहरु निर्धारित मापदण्डभित्र रही वनाउनु पर्ने नीतिलाई कडाईकासाथ लागु गरिनेछ ।

## संचार तथा सूचना प्रविधिः

**११२.** यस गाउँपालिका क्षेत्रका बासिन्दालाई सहजरुपमा संचार सुविधा पुऱ्याई सबैको पहुँचमा ईन्टरनेटको सुविधा पुऱ्याउन विभिन्न साझेदारको पहिचान गरी आवश्यक कार्य अगाडि बढाइने छ ।गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु तथा स्वास्थ्य चौकीहरुमा जडान गरीएका इन्टरनेटको क्षमता वृद्धि गरी अझ द्रुत गतिमा  चल्ने गराईने छ । बाँकी आधारभुत स्वास्थ्य संस्था र सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्न पहल गरिनेछ ।

**११३.** गाउँपालिका तथा इन्टरनेट पहुँच पुगेका वडा कार्यालयमा अनलाइन राजश्व प्रणाली शुरुवात गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

**११४.** राजश्व प्रशासनलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउन कर्मचारीहरुका लागि थप तालिमका साथै प्रविधि सुधार तथा क्षमता विकासमा लगानी गरिनेछ ।

**११५.** पञ्जिकरण तथा घटना दर्ता अनलाइन प्रणालीलाई वडा कार्यालयबाट अनलाइनबाटै प्रमाण पत्र प्रदान गरिनेव्यवस्थालाई थप प्रभावकारी बनाइने छ ।

**११६.** गाउँपालिका,वडा कार्यालयहरु र स्वास्थ्य संस्थामा भएका अधिकतम कार्यलाई कम्प्युटर प्रणालीमा व्यवस्थित गरिनेछ।

**११७.** सुरुवाती अवस्थामा गाउँपालिकाको केन्द्र मच्छी तथा वडा कार्यालयको आसपासमा रहेका वस्ति तथा वजारमा फ्रि वाइफाइको व्यवस्था गरीनेछ।

## उर्जा

**११८.** बैकल्पिक उर्जा प्रर्वद्धन केन्द्रसँग समन्वय गरी सौर्य तथा विधुत सडक बत्ती जडान कार्यलाई  प्राथमिकतामा राखी  गाउँपालिकाका अत्यावस्यक स्थानहरुमा सडक वत्ती जडान गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

**११९.** लघु जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन गरी झिमरुकवासी सवैजनता को शेयर लगानीमा आयोजना अघिवढाइने नीति लिईने छ ।

**सभाका सदस्यज्यूहरु,**

अब म वन, वातावरण, भूसंरक्षण तथा विपद्व्यवस्थापन तर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## वन, वातावरण तथा विपद् व्यवस्थापनः

**१२०.** स्थानीय विपद् आपतकालिन कार्य सञ्चालन केन्द्रको स्थापना तथा सञ्चालन गरिनेछ । प्राकृतिक प्रकोपबाट उत्पन्न हुन सक्ने जोखिम व्यवस्थापनको लागि आवश्यक सामाग्रीहरुको व्यस्था गरिनेछ ।

**१२१.** सडक किनारमा हरियाली प्रवर्धन गर्न आवश्यक कार्यको सुरुवात गरीनेछ ।जलवायु परिवर्तनका कारण खडेरी, बाढी तथा प्रतिकुल मौसममा आइपर्ने प्राकृतिक प्रकोपहरुको व्यवस्थापनको लागि आवश्यक कार्ययोजना वनाई कार्यान्वयन गरिनेछ।

**१२२.** विपद्प्रतिकार्य तथा विपद्सँग सम्वन्धित सचेतना मुलक तालिम प्रत्येक बडामा सञ्चालन गरी विपद् हुन नदिने र विपद् न्यूनिकरण गर्ने कार्यमा जोड दिईने छ।

**१२३.** गाउँपालिकाबाट विनियोजन हुने रु. १ लाखदेखि माथिका योजना र आयोजनाहरुमा वातावरण संरक्षणतर्फ २% र मर्मत सम्भारको लागि छुट्टै कोषको स्थापना गर्न कम्तीमा ३% रकम सुनिश्चितताको नीति वनाईने छ ।

**१२४.** वर्षाद्को समयमा हुने बाढिपहिरो, हावाहुरी, असिना, चटयाङ, आगोलागि जस्ता आकस्मिक रुपमा हुने प्रकोप तथा विपद्लाई व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ साथै राहत उद्धारको कार्यलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।

**१२५.** गाउँपालिका क्षेत्रभित्रका संबेदनशील क्षेत्र तोकी त्यस ठाँउको वातावरणीय प्रदुषण, भु-स्खलन तथा प्राकृतिक स्रोतको दोहनलाई न्यूनिकरण गरिनेछ ।

**१२६.** झिमरुक गाउँपालिका अन्तर्गत रहेका सामुदायीक वनको सङ्ख्या तथा त्यसको अवस्थाको बारेमा गाउँपालिकामा यथार्थ तथ्याङ्क राख्ने व्यवस्था मिलाईने छ।

**१२७.** भौतिक पूर्वाधार निर्माण गर्दा अनिवार्य रुपमा वायो इन्जिनियरिङ्ग गर्ने र बाटो निर्माण गरीसकेपछि बाटोको किनारामा घाँस तथा बृषारोपण गर्ने व्यवस्था मिलाईने छ।

**१२८.** सबै सामुदायिक बन समूहहरुलाई जिम्मेवार बनाउदै आम्दानीको १० प्रतिशत अनिवार्य रुपमा गाउँपालिकामा उपलब्ध गराउने प्रकृया कडाईकासाथ लागु गरिनेछ।

## फोहोरमैला व्यवस्थापनः

**१२९.** बजार तथा नदी, खोलामा हुने फोहोरमैलाको न्यूनिकरणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ । फोहोरमैला व्यवस्थापन लाई थप व्यवस्थित गरीनेछ। फोहोर संकलन कार्यलाई नियमन र जिम्मेवार बनाउन आवश्यक नीतिगत व्यवस्था गरी करको दायरामा समेटिनेछ ।

**१३०.** प्लास्टिकको झोला तथा विभिन्न सभा,समारोह,कार्यक्रममा प्रयोग हुने खादालाई निरुत्साहित गर्दै बैकल्पिक झोलाहरु तथा स्थानीय मालाहरुको प्रयोगलाई प्रेरित गरिनेछ।

## भू तथा जलाधार संरक्षण, वातावरण संरक्षणः

**१३१.** गाउँपालिका भित्रका जलाधारहरुको पहिचान गरी संरक्षण गरिनेछ ।जलाधार क्षेत्रको संरक्षणका लागि रिचार्ज पोखरी निर्माण कार्यलाई निरन्तरता दिइने छ।

**१३२.** भौतिक संरचनाहरुको निर्माण गर्दा पानीका मुहानहरुको संरक्षण हुने तथा पहिरो तथा भूक्षयको जोखिम कम हुने गरी गरीनेछ ।

**१३३.** प्लाष्टिकजन्य वस्तुहरुको प्रयोगलाई निरुत्साहन गर्दै विस्तारै प्लाष्टिक मुक्त गाउँपालिका निर्माण गरीनेछ ।

## सभाका सदस्यज्यूहरु ,

अब म सार्वजनिक सेवा, संस्थागत क्षमता विकास, सुशासन र सुदृढिकरण तर्फका क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## सार्वजनिक सेवा प्रवाह तथा सुशासन प्रबर्द्धनः

**१३४.** गाउँपालिकाको काम कारवाही लोकतान्त्रिक पद्दति अनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सुचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन पालिका र नागरिकको हितमा प्रतिकुल असर पार्ने सम्वेदनशिल सूचनाको संरक्षण गर्न र नागरिकको सूसुचित हुने हकलाई संरक्षण गर्न पालिका र यस अन्तरगत सेवा प्रदायक निकायबाट भए गरेका कामहरु वेभसाईट सञ्चार माध्यम सूचना पाटीमा प्रकाशन गरिनेछ ।

**१३५.** सार्वजनिक सेवा प्रवाह र नीति तथा कार्यक्रम कार्यान्वयन गरी उपलब्धिमुलक बनाउन कार्य सम्पादन सम्झौता अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बिच र प्रमुख प्रशासकीय अधिकृतबाट शाखा/एकाइ प्रमुख बिचको कार्यसम्पादन सम्झौता गरी कार्यान्वयनमा ल्याईने छ ।

**१३६.** सेवा प्रवाहमा घुम्तिसेवाहरुलाई प्राथमिकता दिई जनतालाई घरदैलोमा सेवा दिने व्यवस्था मिलाईने छ ।सेवा प्रवाह प्रति सेवाग्राही सन्तुष्ट भए नभएको यकिन गर्नका लागि सेवाग्राही सन्तुष्टी सर्वेक्षण उपभोक्ता सर्भेको सुरुवात गरिनेछ।गाउँपालिकामा प्राप्त भएका गुनासोहरुलाई छिटो छरितो ढंगवाट सम्बोधन गरिनेछ ।

**१३७.** कानुनको शासन, पारदर्शितालाई मध्यनजर गर्दै सबै जनप्रतिनिधि र कर्मचारीहरुलाई आफ्नो काम र जिम्मेवारीप्रति जवाफदेही र जनमुखी बनाईनेछ ।

**१३८.** श्रोत साधनहरुको अधिकतम परिचालन गरी गाउँपालिकाको आन्तरिक आय वृद्धिमा विशेष जोड दिइनेछ ।नागरिक सहायता कक्षमा सचेतनामुलक जानकारीको लागि टेलिभिजनवाट सूचना प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

**१३९.** गाउँपालिकाले संस्थागत क्षमता विकास योजना तयार गरी जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकासमा लगानी गर्ने नीति लिईनेछ । गाउँपालिका कार्यालय वडाकार्यालय र स्वास्थ्य संस्थाहरुको थप संस्थागत क्षमता विकास गरीनेछ।

**१४०.** आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापनलाई व्यवस्थित पारदर्शी र मितव्ययी बनाईनेछ । सेवा प्रवाहलाई चुस्त दुरुस्त, पारदर्शी र जवाफदेही बनाइने नीति लिइनेछ । यसको लागि सार्वजनिक उत्तरदायित्वका औजारहरु (सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सेवाग्राही सन्तुष्टि सर्वेक्षण) लाई कार्यान्वयनमा ल्याइनेछ ।

**१४१.** सेवा प्रवाह मापदण्ड अनुसार सेवा प्रवाह गरीनेछ। नागरिक वडापत्र, सोधपुछ कक्ष, नागरिक सहायता कक्ष, गुनासो सुन्ने अधिकारी को व्यवस्था गरी नागरिक गुनासो व्यवस्थापन गरीनेछ । सेवा प्रवाहमा आधुनिक प्रविधिलाई प्रयोगमा ल्याइने छ ।

**१४२.** सेवा प्रवाह गर्ने कर्मचारीहरुका लागि सहज कार्य वातावरण सिर्जना गरिनेछ। साथै गाउँपालिकाका कर्मचारीहरुमा जनताको सेवाभाव जागृत गराउने र गाउँपालिकामा भएका निर्णयहरुलाई कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाईने छ ।सेवा प्रवाहलाई चुस्त दुरूस्त तथा प्रविधिमैत्री वनाउँदै गुणस्तरीय र भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ ।

**१४३.** पदाधिकारीहरू तथा कर्मचारीहरुको क्षमता विकासको लागि आवश्यक तालिमको व्यवस्था गरीनेछ । पुरस्कार र दण्ड प्रणालीलाई प्रभावकारीरुपमा कार्यान्वयन गरीनेछ ।

**१४४.** समयमै काम सम्पन्न गर्ने उपभोक्ता समितिलाई पुरस्कृत र काममा लापरवाही गर्ने उपभोक्ता समितिलाई दण्डित गर्ने नीति अवलम्वन गरिनेछ ।

**१४५.** आयोजना सञ्चालन गर्दा उपभोक्ता समितिहरुलाई आयोजना पूर्व अभिमुखीकरण तालिम र आयोजनाको अन्तमा अनिवार्य रुपमा खर्च सार्वजनिक गर्ने व्यवस्थालाई कडाईकासाथ लागु गरिनेछ ।

**१४६.** टोल विकास संस्थाहरुको कार्यक्षमता अभिवृद्धि गरी विकास निर्माण लगायत समाजमा हुने जातिय,लैङ्गिक,वर्गिय भेदभावलाई अन्त्य गर्दै समतामुलक समाज निर्माण गरिनेछ ।

**१४७.** कुनै पनि सरकारी तथा गैर सरकारी संघ / संस्थाहरुले सञ्चालन गर्ने कार्यक्रमहरुको लागि गाउँपालिकावाट अनुमति लिनु पर्ने र गाउँपालिकाको नीति अनुरुप कार्यक्रम सञ्चालन गर्ने गरी एकद्वार नीति अवलम्वन गरिनेछ ।

**१४८.** अन्तर निकाय समन्वय बैठकहरु आयोजना गरी विकासमा सबै पक्षको सहकार्य सहयोग परिचालन गरिनेछ ।स्थानीय तहहरु विच प्राकृतिक स्रोतको संरक्षण र उपयोग, पूर्वाधार निर्माण,

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन, आपतकालिन सेवा व्यवस्थापन जस्ता विषयहरुमा सहकार्य र समन्वय गरीनेछ । अन्तर सरकारी समन्वय र सहजीकरण गर्न गाउँपालिकामा संरचना गठन गरिनेछ । गाउँपालिकासँग सिमाना जोडिएका स्थानीय तहहरुसँग समन्वयात्मक बैठक वसी साझा सरोकारका विषयमा छलफल गरी आयोजना तथा कार्यक्रम सञ्चालन गरीनेछ।

## कानुन तथा न्याय

**१४९.** न्यायिक समितिलाई क्रियाशिल बनाईने छ। मेलमिलापको माध्यमबाट जनतालाई छिटो छरीतो तथा सर्वशुलभ रुपमा न्याय पाउने व्यवस्था मिलाईने छ । सबै वडाहरुमा मेलमिलाप केन्द्रको स्थापना गरिनेछ । सबै वडाहरुमा मेलमिलापकर्ताको व्यवस्था गरी वडा कार्यालयहरुमा मेलमिलापको माध्यमबाट न्याय सम्पादन गरिनेछ ।मेलमिलाप कर्ताको लागि प्रोत्साहन समेत गर्ने नीति लिईने छ ।

**१५०.** न्यायीक समितिमा परेका उजुरी निवेदनहरुमा मेलमिलापमा जोड दिई मेलमिलाप कर्ताहरुवाट मेलमिलाप गराउने कामको थालनी गरिनेछ ।

## राजस्व तथा वित्तिय ब्यवस्था

**१५१.** स्रोत साधनहरुको अधिकतम परिचालन गरी गाउँपालिकाको आन्तरिक आय वृद्धिमा विशेष जोड दिइने छ ।

**१५२.** राजश्व प्रणालीमा कर नतिर्ने, कर बक्यौता राख्ने तथा पटक पटक सूचना प्रवाह गर्दा समेत अटेर गर्ने करदाताको विवरण संकलन गरी करको दायरामा ल्याउने नीति अवलम्वन गरिनेछ ।

**१५३.** राजश्व अभिबृद्धि गर्ने दिशामा प्रभावकारी कदम चालिने छ । गाउँपालिकाबाट प्रदान गरिनेसम्पूर्ण सेवाहरुलाई कर चुक्तासँग आबद्ध गरिनेछ।

**१५४.** पसलहरुमा अनिवार्य रुपमा मूल्य सूची राख्नु पर्ने व्यवस्था गरी मूल्य र गुणस्तरको नियमित अनुगमन गरिनेछ ।

## तथ्याङ्ग संकलन तथा अभिलेख व्यवस्थापन

**१५५.** गाउँपालिकालाई आवश्यक विभिन्न तथ्याङ्कहरु समय समयमा संकलन गरीनेछ। संकलित तथ्याङ्कहरुको व्यवस्थित अभिलेख व्यवस्थापनको लागि सूचना प्रविधिको प्रयोग गरीनेछ ।

**१५६.** योजना तथा कार्यक्रमहरुलाई तथ्याङ्कसंग आवद्ध गरीनेछ ।

**अन्तमा,**

**सभाका सदस्यज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमामा सहयोग पुऱ्याउने उपाध्यक्ष तथा राजश्व परामर्श समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजकज्यू , गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, गाउँसभाका

सदस्यज्यूहरु तथा विभिन्न बौद्धिक वर्ग प्रति हार्दिक आभार प्रकट गर्दछु । श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति तथा अन्य विषयगत समितिहरुमा भएका छलफलका क्रममा उक्त समितिका आदरणीय सदस्यहरुले दिनु भएका सुझावहरु आर्थिक ऐन तथा प्रस्तुत नीति तथा कार्यक्रमका आधार भएर रहेका छन् । छलफलको क्रममा आ–आफ्नो तर्फबाट सुझाब दिनुहुने बुद्धिजिवी, अर्थशास्त्री, निजी क्षेत्रका संघ संगठनहरु,नागरिक समाज तथा सामुदायिक संस्था, सामुदायिक संगठनहरु, पत्रकार र गाउँपालिकाबासी तथा गाउँपालिका बाहिर स्वदेश तथा विदेशमा रहनु भएका दिदीबहिनी, दाजुभाईहरु सबैलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

**"हाम्रो झिमरुक राम्रो झिमरुक" हामी सवैको चाहना** हो। हामी यस चाहनालाई साकार पार्न गाउँपालिकाका भित्रका सम्पूर्ण जनप्रतिनिधी, राष्ट्रसेवक कर्मचारी ,राजनीतिक दल, संचार जगत ,स्थानीय जन समुदाय, बुद्धिजिवी, समाजसेवी, नागरिक समाज, व्यवसायिक क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र, शिक्षक, विद्यार्थी, सुरक्षाकर्मी , उपभोक्ता समितिहरु, आमा समूह लगायत झिमरुकको विकास ,प्रगति तथा समृद्धिको लागि निरन्तर चिन्तन मनन गर्ने सम्पूर्ण झिमरुकवासीहरु सवैको सहयोग, सहकार्य र सहभागिता साथै महत्वपूर्ण सहयोगी भूमिकाको अपेक्षा राखेको छु ।

सिमित स्रोत र साधनवाट एकै पटक सवै आवश्यकताहरु पुराहुन सक्दैनन् तसर्थ वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतिहरुको सामना गर्न हामी सबै कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध बनौं । उज्वल भविष्य निर्माणको लागि आशावादी बनौं ।

**धन्यवाद !**

पित बहादुर महतरा क्षेत्री
अध्यक्ष तथा संयोजक
स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति
झिमरुक गाउँपालिका, प्युठान
मिति २०८०/०३/१० गते